# बुटवल उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बुटवल, रुपन्देही ।

## विज्ञापन सामग्रीको व्यवस्थापन र कर संकलन आय ठेक्का_बन्दोवस्त सम्बन्धी
## वोलपत्र आव्हानको सार्वजनिक सुचना
### आय ठेक्का नं. ०८/२०८०/०८१
### प्रथम पटक प्रकाशित सुचना मिति: २०८०/०८/१२

बुटवल उपमहानगरपालिकाक्षेत्र भित्र (एपेक्स नेपाल संग विज्ञापन सामग्री व्यवस्थापन सम्वन्धी भएको सम्झौतामा उल्लेखित क्षेत्र वाहेक) का सम्पूर्ण क्षेत्रमा रहेका विभिन्न प्रकृतिका व्यवसायिक विज्ञापनका वोर्डहरु तथा व्यवसायिक संघ सस्थाको होर्डिङ वोर्ड व्यवस्थापन र कर संकलन समेतका कार्य गर्न निजि क्षेत्र मार्फत प्रतिस्पर्धात्मक विधिद्धारा दुई आ.व.का लागि आय ठेक्का बन्दोवस्ती गर्नु पर्ने भएको हुँदा देहायका शर्त ,नियम तथा प्रावधानमा रहि उक्त कार्य गर्न इच्छुक ईजाजत प्राप्त व्यवसाय, फर्म तथा कम्पनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**<u>शर्त ,नियम तथा प्रावधानहरु:</u>**

१) बोलपत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० दिन वा मिति २०८०/०९/११ गते भित्र चालु आ.ब.का लागि नबिकरण भएको इजाजत पत्र, आयकर दर्ता प्रमाण पत्र, मुल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि र कर चुक्ता प्रमाण पत्र संलग्न गरी विद्युतीय (Electronicaly) बोलपत्र खरीद गर्न बोलपत्रदाताले बोलपत्र दस्तुर वापत रु. ३०००/- ( तिन हजार रुपैया मात्र) (पछि फिर्ता नहुने) राष्ट्रिय बाणिज्य बैक बुटवल शाखाको आन्तरिक श्रोत बुटवल उप महानगरपालिकाको कार्यालय कोड नं. ८०१०५४८०१) ३१२०१००३०१०१०००२ मा जम्मा गरी वा अन्य बैक वा वित्तीय संस्थाबाट उक्त खातामा जम्मा हुने PPMO को Website:http//www.bolpatra.gov.np बाट वोलपत्र फारम Download गरी प्राप्त गर्न सकिनेछ ।

२) वोलपत्र फारम मिति २०८०/०९/१२ गतेका दिन दिनको १२.०० बजे सम्म वोलपत्रहरु(E-Submitted) upload भईसक्नुपर्नेछ । सोही दिन दिनको १.०० बजे बु.उ.म.न.पा.नगरकार्यापालिकाको कार्यालयमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । वोलपत्र खोल्ने दिन विदा परेमा त्यस पछि लगत्तै कार्यालय खुलेको दिन खोल्ने कार्य हुनेछ ।

३) वोलपत्रदाताले वोलपत्रसाथ आफुले कवोल गरेको कुल ठेक्का अंक (भ्याट सहित) को ५ प्रतिशतले हुने धरौटी रकम यस कार्यालयको रा.वा.बैक बुटवल शाखामा रहेको कार्यालयको कोड नं. ८०१०५४८०१ धरौटी खाता नं. ३१२०१००३०३००००००२ मा जम्मा गरेको सक्कलै भौचर वा वोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मितिले कम्तिमा १२० दिन सम्म म्याद भएको बुटवल उपमहानगरपालिका नगरकार्यापालिकाको कार्यालयको नाममा जारी गरिएको क वर्गको वाणिज्य बैंकको बैक जमानीपत्र (विडवण्ड) पेश गर्नुपर्नेछ ।

४) न्यूनतम ठेक्का रकम सरकारी कर र भ्याट बाहेक पहिलो आ.व.का लागि रु.४२,००,०००।०० र दोश्रो आ.व.का लाागि रुं ४६,२०,०००।०० गरि जम्मा दूई आ.व.२०८०/२०८१ र २०८१/२०८२ का लागि रु. ८८,२०,०००।- (अठासीलाख विसहजार मात्र ) कायम गरिएको छ ।

५) नेपाल सरकारको नियमानुसार लाग्ने कर (मुल्य अभिबृद्धिकर, आयकर आदि) तथा शुल्कहरु ठेकेदार स्वंयले नै व्यहोर्नु/बुझाउनु पर्नेछ ।

६) ठेक्का अवधी २०८० श्रावण १ गते देखि २०८२ आषाढ मसान्तसम्म (दूई आर्थिक वर्ष) को हुनेछ ।

मित्रमणी खनाल
नि. प्रमुख प्रशासकीय अधिकृत

७) स्वीकृत बोलपत्र दाताले ठेक्का अंक भुक्तानी गर्दा कुल ठेक्का अंक लाई ५ किस्तामा विभाजन गरी पहिलो किस्ता सम्झौता गर्दाकै बखत, दोश्रो किस्ता रकम २०८० फागुन मसान्त भित्र, तेस्रो किस्ता रकम २०८१ असार मसान्त भित्र, चौथौ किस्ता रकम २०८१ कार्तिक मसान्त भित्र, पाचौ किस्ता रकम २०८१ फागुन मसान्त भित्र वुझाउनु पर्नेछ । तोकिएको समयमा किस्ता रकम नवुझाएमा किस्ता रकम वरावरको रकम वैंक ग्यारेन्टीवाट असुल गरी जुनसुकै समयमा ठेक्का वदर गर्न सकिनेछ ।

८) वोलपत्र स्वीकृत भएपछि वोलपत्रदाताले कवोल गरेको अंक बराबरको मिति २०८२ भाद्र मसान्तसम्म म्याद भएको बुटवल उपमहानगरपालिकाको नाममा (क) वर्गको वाणिज्य वैंकवाट जारी भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

९) स्वीकृत बोलपत्र दाताले कबोल गरेको कुल ठेक्का रकम संझौता गर्दाकै वखत एकमुष्ठ वुझाएमा १० प्रतिशत छुट दिईनेछ । तोकिएको समयमा किश्ता रकम नबुझाएमा सोहि किश्ता रकममा १० प्रतिशत जरिवाना लिइनेछ ।

१०) संम्झौता मान्य रहेको अवधी भर बुटवल उपमहानगरपालिका.द्धारा तोकिएको निम्न बमोजिमको दररेटको सिमा भित्र रही बु.उ.म.न.पा. क्षेत्र भित्र हुने बिज्ञापन सामग्रीको व्यवस्थापन गर्ने, कर असुली गर्ने दायित्व एवं अधिकार र सो बाट प्राप्त हुने आम्दानी ठेकेदारको हुनेछ ।

११) संझौता अनुरुप कार्य नगरेको अवस्थामा बु.उ.म.न.पा.बाट दिएको निर्देशनलाई बाधा ब्यवधान गरेको मानिनेछैन । बु.उ.म.न.पा.बाट जुन सुकै समयमा निरिक्षण गर्न सकिनेछ । निरिक्षणमा आवश्यक सहयोग पुर्याउनु ठेकेदारको कर्तब्य हुनेछ ।

१२) कुनै बिबाद वा समस्या पर्न आएमा असर परेको पक्षले अर्को पक्षलाई लिखित सूचना दिई समाधानका लागि पहल गर्नु पर्नेछ । तर समस्या वा बिवाद उत्पन्न भएकै कारण, सो अवस्था र समयलाई ठेक्का बदर भएको र जिम्मेवारी नरहेको अवस्था वा अवधि मानिने छैन ।

१३) कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार वुटवल उप-महानगरपालिकामा सुरक्षित रहनेछ ।

१४) नेपाल सरकारलाई बुझाउनुपर्नै प्रचलित ऐन नियमानुसारको कर (मुल्य अभिबृद्धि कर तथा अन्य कर ) वोलपत्रदाता स्वयंले बुझाउनु पर्नेछ ।

१५) प्रचलित कानून विपरित ठहरिने कुनै पनि कार्यहरु गर्न/गराउन पाइनेछैन ।

१६) वोलपत्रदाताको सहि छाप नभएको,रीत नपुगेको ,म्याद नाघी आएको र शर्त राखिएको वोलपत्र उपर कारबाही गरिनेछैन ।

१७) बु उ.म..न.पा.का.को छाप र प्रमाणित नभएको वोलपत्र पत्र फारमलाई मान्यता दिइने छैन ।

१८) वोलपत्र फारम र यस सुचनामा उल्लेख भएका कुराहरुको हकमा सोही बमोजिम र अन्य कुराको हकमा आय ठेक्का वन्दोवस्ती गर्ने सम्वन्धी नियमावली २०७६,सार्वजनिक खरिद ऐन २०६३ सार्वजनिक खरिद नियमावली २०६४ र प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

बुटवल उपमहानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बुटवल

मित्रमणी खनाल
नि. प्रमुख प्रशासकीय अधिकृत